नेपाली कांग्रेस
केन्द्रीय कार्यालय
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल

कार्तिक ६, २०७८

# गम्भीर दुर्व्यवहार उपर कार्वाही प्रक्रियालाई समर्थन । अराजकता नियन्त्रण सम्बन्धित संस्थाको जिम्मेवारी, राज्यको कठोर कर्तव्य ।

खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय जनकपुरका प्रमुख राजेश कुशवाहा माथि गम्भीर दुर्व्यवहार गर्ने दोषीलाई कानुनी कार्वाही गर्न सरकारले अघि बढाएको प्रक्रियालाई नेपाली कांग्रेस स्वागत गर्दछ । राजनीतिमा, प्रशासनमा र समग्र समाजमा रहेका बेथिति विरुद्ध प्रश्न उठाउनु र स्वच्छ समाजको खोजि गर्नु हामी सबैको कर्तव्य हो । तर कानुन हातमा लिने, बलजफ्ती र हुल हुज्जत गर्ने कार्य सभ्य समाजको परिचायक हुन सक्दैन । यस्तो घटना आपत्तिजनक र निन्दनीयसँगै कडा कार्वाहीको बिषय बन्दछ ।

जनकपुरको घटनाबाट नेपाली इन्जिनियरहरु, कर्मचारीहरु र सभ्य समाजमा विश्वास गर्ने सबैलाई मर्माहत बनाएको छ । सहकर्मी उपर गम्भीर दुर्व्यवहार हुँदा इन्जिनियरहरु आक्रोशित र आन्दोलित हुनु स्वभाविक छ । शुरु कानुनी कार्वाहीसँगै राज्यको सक्रियताले यसलाई सम्बोधन गर्ने विश्वास हामीले लिएका छौं । शान्तिपूर्ण राजनीतिमा सहभागी हुने उद्घोष गरेका हरेक दल र संस्थाले आफ्ना समर्थक र सदस्यलाई तदनुकुलको संस्कार र व्यवहारमा रुपान्तरण गर्नु सम्बन्धित दल नेतृत्वको कर्तव्य हुने स्मरण पनि हामी गराउँदछौं ।

हुलहुज्जतको बाटो समुन्नत समाजमा पुग्न सकिन्न । हरेक दल, नेतृत्व, सदस्य, समर्थक र हरेक नागरिकले यसलाई गहिरो आत्मसात गर्नुपर्ने आवश्यकता औंल्याउँदै नेपाली कांग्रेस थप सजगता र कडाइका लागि सरकारलाई अपील गर्दछ ।

**जय नेपाल !**

विश्वप्रकाश शर्मा
**प्रवक्ता एवं प्रमुख**
सूचना, संचार तथा प्रचार विभाग

टेलिफोन: (९७७-१) ५१८३२६३ / ५१८३२६४ / ५१८३२६५, फ्याक्स : (९७७-१) ५१८३२६६
E-mail: info@nepalicongress.org, Internet Access: www.nepalicongress.org